# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धनगढी, कैलाली
## सुदुर पश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/८०
च. नं. ............

**रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७९/०३/२७)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७९/०८०, च.नं.३६३ को मिति २०७९/३/२२ को पत्रानुसार यस धनगढी उप-महानगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र नगरपालिकाको राजश्व शाखामा नगदै बुझाएको रसिद वा राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको यस नगरपालिकाको आन्तरिक श्रोत खाता नं.४१७०१००३०१०१०००२ मा राजश्व बुभाएको भौचर सहित यस कार्यालयमा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०५/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिने तालिम लिएको ।

२. दरखास्त दिने स्थान :- धनगढी उप-महानगरपालिकाको कार्यालय, धनगढी कैलाली ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७९/४/९ गते कार्यालय समय भित्र,

४.सम्पर्क मिति:- २०७९/४/१० गते विहान ११ बजे, नगरकार्यपालिकाको कार्यालय ।

५. आवेदन दस्तुर :- रु. ५०० (पाँच सय मात्र)

६. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

७. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको काजगातका प्रतिलिपिहरु,

(क) नागरिकता
(ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
(ग) चारित्रिक प्रमाणपत्र
(घ) काम संग सम्बन्धित अनुभव भए सोको कागजात
(ङ) तालिमको प्रमाणपत्र
(च) २ प्रति पासपोर्ट साइजको फोटो

८. सेवा सुविधा:- ***स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८*** दफा १३ र १४ बमोजिम हुनेछ ।

९. रोजगार सहायक पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:- ***स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ति मापदण्ड २०७८*** परिच्छेद ३ को ११ आ. मा उल्लेख भए बमोजिम हुनेछ ।

नोट: आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र धनगढी उप-महानगरपालिकाको वेवसाइट www.dhangadhimun.gov.np बाट उपलब्ध हुनेछ ।

............ ०७९/३/२६
(राम लाल श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

अधिकृत स्तर छैठौं
अधिकृत स्तर सातौं
प्रमुख प्रशासकीय अधिकृत